
# लेखापरीक्षण प्रतिवेदन

## तुर्माखाद गाउँपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## तुर्माखाद गाउँपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**

**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/801

श्रीमान् अध्यक्षज्यू,

तुर्माखाँद गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, अछाम।

**बिषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(थवराज अधिकारी)

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/801

श्रीमान् अध्यक्षज्यू ,

तुर्माखाँद गाँउपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,अछाम ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी लगायतको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रू. १ अर्ब ३१ करोड ३६ लाख ५९ हजारको लेखापरीक्षणबाट रू.२ करोड ९० लाख ८६ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू.१ लाख ६५ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू.२३ लाख ७६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१८ लाख ३९ हजार, नियमित गर्नुपर्ने रू.२ करोड ३५ लाख ८१ हजार र पेश्की बाँकी रू.११ लाख २५ हजार गरी जम्मा रू.२ करोड ८९ लाख २१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.१९ करोड २८ लाख ३५ हजारमा यसवर्षको थप समेतहालसम्म अद्यावधिक बेरुजू रु.२२ करोड १७ लाख ५६ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित् अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन [illegible]

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभुत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५१ | १२३ | २,९०,८६,४८३ | ० | १८ | १,६५,५८० | ० | ५१ | १०५ | २,८९,२०,९०३ | २३,७५,७५९ | २,३५,८१,०७३ | १८,३९,०७१ | ० | ० | २,५४,२०,१४४ | ११,२५,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| अछाम | १९,२८,३५,३९२ | ० | ० | १९,२८,३५,३९२ | ० | २,८९,२०,९०३ | २२,१७,५६,२९५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ४४ | वैठक भत्ता | १,४१,१०० |
| २ | २०८१/८२ | ३९ | अन्य कर्मचारीलाई भत्ता | २४,४८० |
| जम्मा | | | | १,६५,५८० |

# तुर्माखाद गाउँपालिका, अछाम

# ( ८०७७२५०३३०० )

# तुर्माखाद गाउँपालिका , अछाम

## परिचय

१

**(क) कार्यालय परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, २३२.०७ वर्गकिलोमिटर क्षेत्रफल तथा २४५७४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।२ देखि २०८२।५।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय व्ययतर्फ रू. १ अर्ब ३१ करोड ३६ लाख ५८ हजार ७२० को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १७५५१९८।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि नं | बैंकको नाम | दाखिला मिति | भौचर नं. | प्रयोजन | रकम |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।२० | ८६४९६९५९ | आर्थिक वर्ष २०८१।८२ को सामाजिक सुरक्षा रकम निकासा फिर्ता (१५११२) | ६५०६७८ |
| २ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।२० | ८६४९६९५८ | आर्थिक वर्ष २०८०।८१ को सामाजिक सुरक्षा रकम निकासा फिर्ता (१५१११) | ५०८८६९ |
| ३ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।१७ | ८६३३२८० | दिवाखाजा डिजिटल सिकाइ तथा छात्रवृत्ति बापतको बढी निकासा भुक्तानी, बुद्धशान्ति आ वि | १५७४० |
| ४ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।१२ | ८६१४७५५८ | डिजिटल सिकाइ बापतको बढी निकासा भुक्तानी, कालिकेश्वरी मा वि | १३५० |
| ५ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।१२ | ८६१४६८०६ | दिवा खाजा बापतको बढी निकासा भुक्तानी, जनकल्याण आ वि | ८४७५ |
| ६ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।०९ | ८६०४८११९ | डिजिटल सिकाइ बापतको बढी निकासा भुक्तानी, विश्वज्योती मा वि | ६१०० |
| ७ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।०९ | ८६०४६९५१ | डिजिटल सिकाइ बापतको बढी निकासा भुक्तानी, जिवनसिल बा वि के | २५०० |
| ८ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।११ | ८६११५५७६ | डिजिटल सिकाइ र दिवाखाजा बापतको बढी निकासा भुक्तानी, जनज्योति बा वि के | १२५८५ |
| ९ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।११ | ८६१०७७९६ | डिजिटल सिकाइ र दिवाखाजा बापतको बढी निकासा भुक्तानी, बालकल्याण आ बि | १४१३० |
| १० | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।११ | ८६०८५५१४ | डिजिटल सिकाइ र छात्रवृत्ति बापतको बढी निकासा भुक्तानी, शुर्य मा वि | २९५५० |
| ११ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।११ | ८६०४४६७४ | डिजिटल सिकाइ, पाठ्यपुस्तक र छात्रवृत्ति बापतको बढी निकासा भुक्तानी, सरस्वति आ वि | ४०६०० |
| १२ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।९ | ८६०४२४६५ | डिजिटल सिकाइ, पाठ्यपुस्तक बापतको बढी निकासा भुक्तानी, नौखम्म आ वि | १२५४४ |
| १३ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।९ | ८६०२७३०७ | छात्रवृत्ति बापतको बढी निकासा भुक्तानी, जीवनोद्दार आ वि | १६०० |
| १४ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।९ | ८६०२५५५८ | डिजिटल सिकाइ बापतको बढी निकासा भुक्तानी, जनता आ वि | ७९०० |
| १५ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।९ | ८६०२१५५७ | डिजिटल सिकाइ बापतको बढी निकासा भुक्तानी, नवदुर्गा आ वि | १८०० |
| १६ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।५ | ८५९०७४९१ | डिजिटल सिकाइ तथा दिवा खाजा बापतको बढी निकासा भुक्तानी, ध्रुवतारा आ वि | २३७६० |
| १७ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।१७ | ८६३३७७२६ | डिजिटल सिकाइ बापतको बढी निकासा भुक्तानी, जनप्रिय आ वि | २७०० |
| १८ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।१७ | ८६३५८९७२ | डिजिटल सिकाइ, दिवा खाजा र छात्रवृत्ति बापतको बढी निकासा भुक्तानी, ध्रुवतारा आ वि | ५३२७७ |
| १९ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।१३ | ८६१९८८१६ | डिजिटल सिकाइ र छात्रवृत्ति बापतको बढी निकासा भुक्तानी, ध्रुवतारा आ वि | २५८०० |
| २० | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।१३ | ८६५२४५६९ | डिजिटल सिकाइ र दिवाखाजा बापतको बढी निकासा | ९२८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भुक्तानी, कालिकेश्वरी आ वि | |
| २१ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।२० | ८६५२२६७१ | डिजिटल सिकाइ र पाठ्यपुस्तक बापतको बढी निकासा भुक्तानी, कालिका आ वि | ११८२७ |
| २२ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।२० | ८६५२२३११ | डिजिटल सिकाइ र पाठ्यपुस्तक बापतको बढी निकासा भुक्तानी, बैकुन्ठेश्वरी आ वि | ३९३५ |
| २३ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।२० | ८६५२२९०८ | डिजिटल सिकाइ बापतको बढी निकासा भुक्तानी, बैकुन्ठेश्वरी आ वि | ४००० |
| २४ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।२२ | ८६५४६८७२ | दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक तथा डिजिटल सिकाइ बापतको बढी निकासा भुक्तानी, कामेश्वरी मा वि | २१७०९६ |
| २५ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।३१ | ८६८१५५८० | पाठ्यपुस्तक तथा डिजिटल सिकाइ बापतको बढी निकासा भुक्तानी, तोषी मा वि | ४४५४० |
| २६ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।६।२४ | ८७४२३९९३ | पाठ्यपुस्तक तथा डिजिटल सिकाइ बापतको बढी निकासाभुक्तानी, शान्ति सृजना आवि | २२५९७ |
| २७ | राष्ट्रिय वाणिज्य बैंक | २०८२।६।२४ | ८७४२४३१९ | दिवा खाजा, छात्रवृत्ति तथा डिजिटल सिकाइ बापतको बढी निकासा भुक्तानी, पुष्पाञ्जली आवि | २१९६ |
| जम्मा | | | | | १७५५१९८ |

१

२

**एकीकृत आय-व्यय** - पालिकाको आर्थिक वर्ष २०८१।८२ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | ४९३५८९८ | चालु खर्च | | ३५५८०५७५६ |
| १.सञ्चित कोष | ५०३६९७ | | १. पालिका तर्फ | १२९५१८४४६ | |
| २.धरौटी | ३८२३०२८ | | २. संघीय सशर्त | २२६२३४३६० | |
| ३.कार्यसञ्चालन कोष | ० | | ३. संघीय विशेष | ० | |
| ४. अन्य कोष | ० | | ४. प्रदेश सशर्त | ५२९५० | |
| ५. प्रकोप व्यवस्थापन कोष | ६०९१७३ | | ५. प्रदेश विशेष | ० | |
| यस वर्षको आय | | २५०७०९२ | पुँजीगत खर्च | | १०२३६९७४० |
| १.आन्तरिक आय | २५०७०९२ | | १. पालिका तर्फ | ६६६१३३३१ | |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ४४६८८९३१२ | २. संघीय सशर्त | ९८८०७८ | |
| क) समानीकरण अनुदान | ८३७७६८८० | | ३. संघीय विशेष | ० | |
| ख) राजस्व बाँडफाँट | ९८९४७७४४ | | ४. संघीय समपुरक | ३१६३८०८ | |
| ग) सशर्त अनुदान | २६०९९५००० | | ५. प्रदेश सशर्त | २०४४९६६० | |
| घ) समपुरक अनुदान | ३१६९६८८ | | ६. प्रदेश विशेष | ६३६९८८१ | |
| ङ) विशेष अनुदान | ० | | ७. प्रदेश समपुरक | ४७८४९८२ | |
| च) रोयल्टी | ० | | अन्तर सरकारी अख्तियारी (संघ) | | १४५५४३९०१ |
| छ) अन्य | ० | | क) सामाजिक सुरक्षा | ११८३१६९७७ | |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | ४४०९२५९० | ख) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास | ९०००००० | |
| क) समानीकरण अनुदान | ७९४४००० | | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २८५००० | |
| ख) राजस्व बाँडफाँट | २५५५१८७ | | घ) पर्यटन पूर्वाधार विकास आयोजना | ६८८४२२० | |
| ग) सशर्त अनुदान | २१८५०००० | | ङ) घरेलु तथा साना उद्योग पर्वद्धन केन्द्र | २१४६७८६ | |
| घ) समपुरक अनुदान | ४७८४९८२ | | च) उच्च पहाडि तथा हिमाली क्षेत्र स्वरोजगार तथा आर्थीक सशक्तिकरण कार्यक्रम | ४१८४१७७ | |
| ङ) विशेष अनुदान | ६९५८४२१ | | छ) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ४७२६७४१ | |
| च) रोयल्टी | ० | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | ० | ० |
| छ) अन्य | ० | | ऋण फिर्ता(साँवा) | ० | ० |
| ४. अन्तर सरकारी | | १४५५४३९०१ | ऋणको ब्याज भुक्तानी | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| अख्तियारी (संघ) | | | | | |
| क) सामाजिक सुरक्षा | ११८३१६९७७ | | धरौटी फिर्ता तथा सदर स्याहा | ८२४५३८ | ८२४५३८ |
| ख) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास | ९०००००० | | कार्यसञ्चालन कोषबाट भएको खर्च | | १५४८७७२५ |
| ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २८५००० | | क) प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ४३६५०० | |
| घ) पर्यटन पूर्वाधार विकास आयोजना | ६८८४२२० | | ख) सडक स्तरउन्नती | ३९१६७१६ | |
| ङ) घरेलु तथा साना उद्योग पर्वद्धन केन्द्र | २१४६७८६ | | ग) जलवायु परिवर्तन स्थानीय अनुकुलन कार्यक्रम | ९४६५०९५ | |
| च) उच्च पहाडि तथा हिमाली क्षेत्र स्वरोजगार तथा आर्थीक सशक्तिकरण कार्यक्रम | ४१८४१७७ | | घ) स्वास्थ्य दिवस सम्बन्धि कार्यक्रम | ७५००० | |
| छ) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ४७२६७४१ | | ङ) सडक वोर्ड | १५९४४१४ | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | ० | ० | अन्य कोषबाट भएको खर्च | ० | ५८०५४१ |
| ६. ऋण/ वित्तीय व्यवस्था | ० | | क) प्रकोप व्यवस्थापन कोष | ५८०५४१ | ० |
| ७. धरौटी आय | २७१६१०१ | २७१६१०१ | अन्य सहयोगमा सञ्चालित योजना | ० | ० |
| ८. कार्यसञ्चालन कोष आय | | १५५७१००९ | अन्य खर्च भएमा | ० | ० |
| क) प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ४३६५०० | | अनुदान फिर्ता | | |
| ख) सडक स्तरउन्नती | ४०००००० | | १. संघ तर्फ | | ३३३३७०७२ |
| ग) जलवायु परिवर्तन स्थानीय अनुकुलन कार्यक्रम | ९४६५०९५ | | क) सशर्त अनुदान | ३३३३११९२ | |
| घ) स्वास्थ्य दिवस सम्बन्धि कार्यक्रम | ७५००० | | ख) विशेष अनुदान | ० | |
| ङ) सडक वोर्ड | १५९४४१४ | | ग) समपुरक अनुदान | ५८८० | |
| ९. अन्य कोषको आय | | | २. प्रदेश तर्फ | | १९३५९३० |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | | क) सशर्त अनुदान | १३४७३९० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | | ख) विशेष अनुदान | ५८८५४० | |
| १२. अन्य आय भएमा | | ४५३५१४ | ग) समपुरक अनुदान | ० | |
| क) बेरुजु दाखिला | ४५३५१४ | | अन्तिम मौज्दात | | ६८२४२१३ |
| | | | १. संचित कोषको मौज्दात | १०८१५९९ | |
| | | | २. धरौटी | ५७१४५९० | |
| | | | ३. कार्यसञ्चालनकोष | ० | |
| | | | ४. अन्यकोष | ० | |
| | | | प्रकोप कोष | २८०२४ | |
| जम्मा | ६६२७०९४१६ | ६६२७०९४१६ | जम्मा | ६६२७०९४१६ | ६६२७०९४१६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ३ वित्तीय प्रतिवेदन

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।८।२० मा नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू.७८००३९४।,यस वर्षको प्राप्ति रू.१९९९६८८६।००, यस वर्षको भुक्तानी रू.१९१६८३७२६।०० र मौज्दात रू.५१२७६६।०० फरक परेको छ। SuTRA मा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समावेश गरी म.ले.प.फा.नं. २७० ले समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| SuTRA अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १२७३६२९२ | ४५७७७६६३२ | ४६४२०१४७७ | ६३११४४७ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४९३५८९८ | ६५७७७३५१८ | ६५५८८५२०३ | ६८२४२१३ |
| फरक | ७८००३९४ | १९९९९६८८६ | १९१६८३७२६ | ५१२७६६ |

३.३ पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७० अनुसार गत आर्थिक वर्षमा रू.४८५९०८४।00 मौज्दात रहेकोमा यो वर्ष रू.१२७३६२९२।०० जिम्मेवारी सारेको छ।जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७८७७२०८।-बढी जिम्मेवारी सारेको सम्वन्धमा यकिन गरी हिसाब मिलान हुनुपर्दछ।

३.४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ।

पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण निम्न खाताहरुको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातका विच रु.५१४७७६। फरक पर्न गएको छ। पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

| खाता नं. | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रू. | बैंक अनुसार बाकी रू. | फरक रू. |
|---|---|---|---|---|
| ७९०१०१७५००५४३ | ग ३.१ स्थानीय तह धरौटी खाता | ५७१४५९०.१४ | ५७१४५९०.१४ | ० |
| ७९०१०१७५००५४४ | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ५६६८२३. | १०८१५९९.१३ | ५१४७७६ |
| ७९०१०१७५००५२६ | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २८,०२३.८५ | २८,०२३.८५ | ० |
| जम्मा | | ६३०९४३६.९९ | ६८२४२१३.१२ | ५१४७७६ |

३.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ को उपनियम १ मा संघीय सञ्चित कोषवाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभइ जुनसुकै खातामा बाँकी रहेको सशर्त समपूरक र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सोही नियमको उपनियम २ मा कुनै कारणवश सोही आर्थिक वर्षभित्र रकम फिर्ता गर्न नसकेमा आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र फिर्ता गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले आर्थिक वर्ष २०८१।८२ को खर्च नभई बाँकी सशर्त चालुतर्फको रु.४४१३७०।– लेखापरीक्षण पश्चात मिति २०८२।५।२४ मा मात्र फिर्ता गरेको छ । आर्थिक वर्षको अन्त्यमा नै यस्तो बाँकी रकम फिर्ता गर्न कार्यालयले ध्यान पुर्याउनु पर्दछ ।

३.६ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्नेमा पालिकाको वित्तीय प्रतिवेदन आर्थिक वर्ष २०८१।८२ को म.ले.फा.नं.२७० टिप्पणी ६.२ नगद र बैक मौज्दातमा आन्तरिक राजस्व खातामा रु.२०१०।७८ मौज्दात रहेको पाइयो । उक्त रकम संचितकोष दाखिला गरी प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०१० |

## ४ बजेट अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले रु.५२ करोड १ लाख ७९ हजारको बजेट २०८१।३।१० गते सभा समक्ष पेश गरेकोमा २०८१।६।१३ मा पारित भएको र स्थानीय तहका प्रमुखले २०८१।६।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनमा भएको व्यवस्था बमोजिम असार मसान्तसम्म बजेट पारित गरि तोकिएको समयमा खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्दछ।

## ५ खर्च विश्लेषण

पालिकाको यसबर्ष कुल आन्तरिक आयबाट रु.२५०७०९२।०३ राजस्व बाँडफाँड र अनुदानबाट रु.४९०९८१९०२। समेत रु.४९३४८८९९४।०३ आम्दानी भएकोमा चालु तर्फ रु.३५५८०५७५६।२० र पूँजिगत तर्फ रु.१०२३६९७४०। समेत रु.४५८१७५४९६।२० खर्च भएकोमा खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५४ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.९८११७८५। खर्च भएकोमा आन्तरिक आयको ३९१.३६ प्रतिशत हुन आँउछ । पालिकाको कुल खर्च मध्ये ७७.६५ प्रतिशत चालु र २२.३५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिएकोले बिकास निर्माणका काममा न्युन र प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

६ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु देहाय वमोजिम रहेका छन्

•स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा नगरेको,

•दिगो बिकास लक्ष्य (२०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य नभएको,

• जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गर्ने वडालाइ आवश्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गरी जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाउने नगरेको,

•वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक नगरेको,

•जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• कन्टिन्जेन्सी खाता नराखेको,

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७(४) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली नवनाएको,

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू नगरेको,

•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

•वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले कार्यक्रम अनुसारको प्रगति भए नभएको सम्वन्धमा एकिन गर्न नसकिएको,

• साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार नगरेको,

•भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण अभिलेख राख्ने र भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको,

•राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण गरी कार्यान्वियनमा ल्याएको नदेखिएको,

•अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वियन नगरेको,

•सवारी साधनको मर्मत अभिलेख अद्यावधिक गरी राख्ने नगरेको,

•खर्चका विलभरपाईहरुको तेरिज बनाइ गोश्वारा भौचरसाथ राख्ने नगरेको,

•सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८० दफा ७ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु नगरेको,

•इन्धनको विवरण प्रविष्ट सम्पत्ति व्यवस्थापन प्रणाली PAMS V२ मार्फत नगरेको

•कर्मचारी कल्याण कोष स्थापना नगरेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनुपर्दछ।

७ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले अन्तरसरकारी अख्तियारी बाहेकको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

८ **योजना छनौट तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा अत्याधिक मात्रामा बजेट छुट्याएकोले साना तथा टुक्रे योजनामा सिमित मात्रामा वजेट विनियोजन गरी दीर्घकालिन उपलव्धी हाँसिल हुने, सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट लाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष कार्यान्वियन भएका योजनाहरु निम्नानुसार रहेका छन।

| क्र.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | १५ | ८९७५०० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ६१ | १७५००००० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ४७ | १६५२३००० |
| ४ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | २४ | १७७२६५०० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | ८ | १८९२५००० |
| ६ | रू.२५ लाख भन्दा माथिका योजना | ७ | १४६३२५००० |
| जम्मा | | | २१७८९७००० |

९ **कार्यक्रमगत प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ अनुसूचि २मा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाको धेरै कार्यक्रममा शुन्य प्रगति रहेको छ। पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले यस वर्ष तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका योजनाहरुको केही उदाहरण देहायअनुसार छन्:

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | गैरेगडा खैरेनिखोला सडक निर्माण (गत विगत आ.व. को बाकि दायित्व भुक्तानी) | ३६,८५०. | ०.०० |
| २ | कर्णाली पुल देखि वडा कार्यालय सडक निर्माण रहफ (गत विगत आ.व. को बाकि दायित्व भुक्तानी) | २,०३,४००. | ०.०० |
| ३ | पालिका स्तरिय निशुल्क जनरल स्वास्थ्य शिविर सञ्चालन | ५,००,०००. | ०.०० |
| ४ | केलाडि देखि बालउत्थान सडक निर्माण भैरवस्थान | २,२६,०००. | ०.०० |
| ५ | नमुना खानेपानी मुहान/स्रोत संरक्षण तथा पुनर्भरण कार्यक्रम | ८,००,०००. | ०.०० |

१० **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) को अनुसूची-२ मा स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा सञ्चालन गर्ने गरी कामको परिमाण र खर्च रकम उल्लेख गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष कुल पूँजीगत खर्च रु.१० करोड २३ लाख ६९ हजारमध्ये चौथो त्रैमासिकमा रु.५ करोड २६ लाख १४ हजार ( ५१.३९ प्रतिशत) र असार महिनामा मात्र रु.३ करोड ९३ लाख ४१ हजार (३८.४३ प्रतिशत) खर्च गरेको छ। स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम त्रैमासिकभित्र खरिद सम्झौता गर्न नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाई पर्ने हुँदा स्वीकृत कार्यक्रम अनुसार समयमै पुँजिगत खर्च गर्नुपर्दछ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| कुल खर्च | १०२३६९ | १६५५ | २९५३० | १८५७० | ५२६१४ | ३९३४१ |
| खर्च प्रतिशत | १०० | १.६१ | २८.८६ | १८.१४ | ५१.३९ | ३८.४३ |

११ **क्षेत्रगत वजेट तथा खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्रगत बजेट तथा खर्च स्थिती | | | | |
|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| १ | आर्थिक विकास | २३२४२२४२ | २२०२०९८१ | ९५ |
| २ | सामाजिक विकास | ३२६६८२६४७ | २८६८६२६५४ | ८८ |
| ३ | पूर्वाधार विकास | ७११३८२५० | ५६५३५७८० | ७९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १६०९४६३५ | १३२२१६९३ | ८२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८५४८५९२३ | ७६३७०५८० | ८९ |
| कुल जम्मा | | ५२२६४३६९७ | ४५५०११६८८ | ८८ |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ९५ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ८८ प्रतिशत, पूर्वाधारतर्फ ७९ प्रतिशत, संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ क्षेत्रतर्फ ८२ प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ ८९ प्रतिशतले खर्च गरेको छ। पूर्वाधार विकासतर्फ ७९ प्रतिशत मात्र खर्च रहेको देखिँदा विकासका लागि प्राप्त अनुदान सम्बन्धित क्षेत्रमा लगाई तर्जुमा भएका योजनाहरु कार्यान्वयन गर्नुपर्ने एवं कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा धेरैखर्च गरेकोले प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ ।

१२ **मध्यमकालिन खर्च संरचना**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामि तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था भएकोमा यस वर्ष मध्यमकालिन खर्च संरचना तयार गरेको छैन।पालिकाको आवधिक योजनाको समिक्षा गरी मध्यम अवधिको रणनीति तय गर्नुपर्ने तथा मध्यकालिन खर्च संरचनाका आधारमा वार्षिक वजेट तथा कार्यक्रम तय गर्नुपर्दछ।

१३ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वजेटको अधिनमा रहि कुनै शिर्षकवाट पुँजिगत शिर्षकमा २५ प्रतिशतसम्म रकमान्तर गर्न सक्ने व्यवस्था वमोजिम पालिकाले गाउँसभावाट विभिन्न ३१ योजनावाट रु१ करोड ८४ लाख ३५ हजार रकम घटाएर नयाँ ४४ योजनामा रु १ करोड ८८ लाख ९९ हजारको कार्यक्रम संसोधन मार्फत रकमान्तर गरेको छ । असारमा वजेट तथा कार्यक्रम वनाउदा पर्याप्त गृहकार्य नगर्दा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ। वजेट तथा कार्यक्रम तर्जुमालाई यथार्थपरक वनाई वित्तीय सुशासन कायम गर्नुपर्दछ।

१४ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउनुपर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा को.ले.नि.का.बाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेकोमा गत आर्थिक वर्षको रु.२

करोड १६ लाख कार्यपालिकाबाट बजेट सभामा पेश गरि भुक्तानी दिएको विवरण पेश गरेको छ ।आर्थिक वर्ष भित्रै सम्पन्न गर्नुपर्ने योजना तथा कार्यक्रम समयमा नै सम्पन्न नगरेको कारण बजेट खर्च नभई आगामी वर्षको लागि दायित्व सरेकोले ठूला तथा बहु वर्षीय योजना तर्जुमा गर्ने र कार्यक्रम समयमै सञ्चालन गरी आगामी वर्षको लागि दायित्व सिर्जना गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१५ **अनुत्पादक तथा वितरणमुखि खर्च**

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा कानुन तथा कार्यविधि वेगर पटके निर्णयका आधारमा देहायबमोजिम रु.२४ लाख ८९ हजार अनुत्पादक तथा वितरणमुखि कार्यक्रममा खर्च गरेको देखिन्छ। पालिकाको आन्तरिक आय २५ लाख ७ हजार मात्र रहेकोमा विकास निर्माण कार्यको लागि आउने वित्तीय हस्तान्तरणको रकमलाई यसप्रकार वितरणमुखी प्रयोजनमा खर्च गर्नु उचित देखिदैन तसर्थ यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| **कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम** | **रकम** |
|---|---|
| तिज विशेष कार्यक्रम पालिकातर्फ | २०९००० |
| तिज कार्यक्रम वडा नं १ देखि ८ सम्म रु.५५ हजारका दरले | ४४०००० |
| वडा नं १ देखि ८ सम्मका जेष्ठ नागरिकलाइ सम्मान कार्यक्रममा ब्लाङ्केट वितरण | ४४०००० |
| दुधालु भैसी पालक कृषकलाई प्रोत्साहन कार्यक्रम | ३००००० |
| वडा नं ७ को निर्णयअनुसार भावना शाहिलाई छात्रवृत्ती | १००००० |
| वैधनाथ कोटी होमलाई अनुदान | ५००००० |
| त्रिपुरासुन्दरी तुर्माखाँद ज्ञान विज्ञान धार्मिक महोत्सव | ५००००० |
| जम्मा | २४८९००० |

१६ **आर्थिक सहायता**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एवं कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा औषधि उपचार सहायता शीर्षकवाट रु.९९९०००। आर्थिक सहायता वितरण गरेकोमा आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको, आर्थिक सहायता पाउने व्यक्तिको आर्थिक अवस्था एकिन नगरेकोले आर्थिक सहायता एवं अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।

१७ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, मितव्ययितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख गरेको छ। पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था गरी खर्च गरेको निम्नानुसार रकम मितव्ययी र वजेट प्रभावकारी भएको देखिएन। पालिकाको मातहत वाहेकको कार्यालयको सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट वजेट व्यवस्थापन हुने र पालिकामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने देखिएकोले यस्तो खर्च नियमसम्मत नदेखिएको रु

| भौ. नं | विवरण | रकम |
|---|---|---|
| २९१ चालु | तुर्माखाँद प्रहरी चौकी विट निर्माण | ११६४०० |
| १८७ चालु | इलाका प्रहरी कार्यालय कमलबजारको सवारी मर्मत | ६४८५४ |
| पुंजिगत | भैरवस्थान प्रहरी चौकीलाई शौचालय र भान्सा घर निर्माण तथा सामाग्री खरिद | १४४२२९ |
| १००८ चालु | नारी चेतना महिला बहुउद्देश्यीय संस्था लि.लाई फर्निचर र विद्युतिय सामान खरिद | १००००० |
| | जम्मा | ४२५४८३ |

| | |
|---|---|
| अनियमित भएको | ४,२५,४८३ |

१८ **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्नेमा पालिकाले मर्मत खर्च भुक्तानी गर्दा मर्मत आवेदन फारम म.ले.प.फा.नं. ४१४ र मर्मत अभिलेख खाता म.ले.प.फा.नं. ४१५ PAMS बाट तयार नगरी एम्बुलेन्स २, मोटरसाईकल १५, चार पाङग्रे सवारी साधन(स्करपियो) १ समेतको मर्मतमा यो वर्षको रु.१२४७६२०।– खर्च लेखेको छ। नियमको पालना तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

१९ **मसलन्द तथा कार्यालय सामान**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ । पालिकाले वडातर्फ कार्यालय सामानको लागिरु.८०००००।- र पालिका तर्फ रु.२००००००।- गरी जम्मा रु.२८०००००।- विनियोजन गरेकोमा रु.२७४८८९३।खर्च भएको पाइयो । खरिद गर्ने सामानको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरबाट खरिद गर्ने जस्ता प्रक्रियाहरु पुरा गरी सार्वजनिक खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

| सि.नं | शीर्षक | कार्यालय | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | मसलन्द तथा कार्यालय समान | पालिकातर्फ | २०००००० | १९५६६९८ |
| २ | मसलन्द तथा कार्यालय समान | वडा नं १ | १००००० | ९९८३० |
| ३ | मसलन्द तथा कार्यालय समान | वडा नं २ | १००००० | ९९७७० |
| ४ | मसलन्द तथा कार्यालय समान | वडा नं ३ | १००००० | ९५९४० |
| ५ | मसलन्द तथा कार्यालय समान | वडा नं ४ | १००००० | १००००० |
| ६ | मसलन्द तथा कार्यालय समान | वडा नं ५ | १००००० | १००००० |
| ७ | मसलन्द तथा कार्यालय समान | वडा नं ६ | १००००० | १००००० |
| ८ | मसलन्द तथा कार्यालय समान | वडा नं ७ | १००००० | ९८६५५ |
| ९ | मसलन्द तथा कार्यालय समान | वडा नं ८ | १००००० | ९९८०० |
| | जम्मा | | | २७४८८९३ |

२० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिका केन्द्र र वडा कार्यालयको विविधतर्फ चिया/खाजा/खाना लगायतमा यो बर्षको रु.१७९९९४३।- सभाबाट बजेटमा समावेश गरि खर्च लेखेको छ जुन आन्तरिक आय रु.२५०७०९२।को ७२ प्रतिशत हुन्छ । पालिकाको आन्तरिक आयश्रोत सुदृढ र मजवुत नभएको अवस्थामा यस्तो सुविधा खर्च गर्दा थप आर्थिक व्ययभार परेको देखिन्छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

## २१ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म ३ ऐन, १२ कार्यविधि र १ मापदण्ड निर्माण गरी कार्यान्वियनमा ल्याएको छ । पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका वाँकी विषयमा कानुन वनाई कार्यान्वियन गर्नुपर्दछ।

सोधभर्ना नलिएको

## २२ स्थानीय तथ्यांक अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था रहेकोमा स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## २३ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणालीमा (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र रहेका २८ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरेको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश नभएकोले सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## २४ अनुगमन तथा भ्रमण खर्च

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले यस वर्ष अनुगमन मुल्यांकन तथा भ्रमण खर्च शिर्षकमा रु २५ लाख ५९ हजार खर्च लेखेकोमा अधिकांश भ्रमणको उद्धेश्यमा कार्यालयको कामकाज मात्र उल्लेख गर्ने गरेको र अनुगमन तथा भ्रमण भ्रमण प्रतिवेदन राखेको छैन । भ्रमण विल भुक्तानी गर्दा भ्रमणको उद्देश्य पुरा भए नभएको सम्वन्धमा एकिन गरी भ्रमण प्रतिवेदन तयार भएपश्चात मात्र भुक्तानी गर्नुपर्दछ।

## २५ गाँउपालिका शिक्षक अनुदान

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ। शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि,२०७६ मा विद्यार्थी संख्याका आधारमा हिमाल पहाड तथा तराईका विद्यालयहरुमा तोकिएको विद्यार्थी अनुपातका आधारमा शिक्षक दरवन्दी मिलान गर्नुपर्ने, शिक्षक दरवन्दी अपुग भएमा जिल्लामा पुल दरवन्दीमा रहेका अन्य स्थानीय तहवाट मिलान गर्नुपर्ने र सो गर्दा समेत अपुग भएमा प्रदेश मन्त्रालयको समन्वयमा प्रदेशभित्रका जिल्लाका पुल दरवन्दीवाट मिलान गर्नुपर्ने उल्लेख छ। पालिकाले गत विगत वर्षमा दरवन्दी मिलानका उल्लेखित

प्रक्रियावाट विद्यार्थी अनुपातका आधारमा आवश्यकता अनुसार संघिय सरकारवाट प्राप्त दरवन्दी भन्दा करारवाट थप शिक्षक पदपुर्ती गरी पालिकास्तरवाट नै तलवभत्ता उपलब्ध गराउने गरी विभिन्न ३७ विद्यालयमा ११७ जना शिक्षक नियुक्त गरी चाडपर्व खर्च समेत वार्षिक रु.२६६४१५६२।– वित्तीय हस्तान्तरको समानिकरण शीर्षकवाट निकासा गरेको छ। । पालिकाको आन्तरिक आय २५ लाख ७ हजार मात्र रहेकोमा दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठुलो मात्रामा करार नियुक्ति गरी तलव भत्ता खर्च लेख्नु उचित देखिदैन। पालिकाले वास्तविक शिक्षकको आवश्यकता पहिचान गरी दरवन्दी मिलानका थप प्रक्रियातर्फ पहल गरि वित्तीय हस्तान्तरणको रकमलाई विकास निर्माणमा परिचालन गर्नुपर्दछ।

२६ **करार सेवा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (६) मा स्थानीय तहले पालिका प्रहरी, सवारी चालक, सरसफाई आदि लगायतका पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख भएकोमा पालिकाको २०८१ श्रावणको तलवि भरपाई अनुसार यस वर्ष इन्जिनियर १, सव इन्जिनियर १ , असिस्टेन्ट सव इन्जिनियर २ , अमिन १,पोषण सहायक १, खेलकुद सहायक १ , वातावरण सरसफाइ सहायक १, पशु स्वास्थ्य प्राविधिक ३,उद्धम विकास सहायक १ र सहायक कम्प्युटर अपरेटर ८ गरि जम्मा २० जना कर्मचारी करारमा राखि वार्षिक रु.१०३९७८४४।- खर्च लेखेको छ ।स्वीकृत दरवन्दीमा प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग गरी स्थायी पदपुर्ती गर्नुपर्दछ।

माथि उल्लेखित करार कर्मचारीहरु मध्ये दरबन्दी नरहेका देहायका पदमा करारमा कर्मचारी नियुक्त गरी वर्ष भरीमा रु ४४४८५५२।तलव भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

| सि.नं | पद | तह | संख्या | जम्मा भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | अमिन | चौथो | १ | ४३७७२६ |
| २ | खेलकुद सहायक | पाँचौ | १ | ४६१४९० |
| ३ | वातावरण सरसफाइ इ.स. | पाँचौ | १ | ४६१४९० |
| ४ | ल्याब असिष्टेन्ट | चौथो | ३ | १३१३१७८ |
| ५ | रेडियोग्राफर | पाँचौ | १ | ४६१४९० |
| ६ | अ.हे.व | चौथो | १ | ४३७७२६ |
| ७ | अनमी | चौथो | २ | ८७५४५२ |
| | जम्मा | | | ४४४८५५२ |

| | |
|---|---|
| अनियमित भएको | ४४,४८,५५२ |

२७ **सम्पत्ति व्यवस्थापन प्रणाली**

महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१।८२ बाट पुरानो सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) बाट नयाँ सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V२) कार्यान्वियन गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले रु. ६३८५०९१। मूल्य बराबरका जिन्सी सामाग्री नयाँ सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V२) मा प्रविष्ट गरेको पाइएन।महालेखा नियन्त्रक कार्यालयको नयाँ सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V२) कार्यान्वियन गर्नुपर्दछ।

२८ **जिन्सी निरीक्षण प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैँ

वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने व्यवस्था उल्लेख गरेको छ। कार्यालयले तोकेको ढाँचामा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन।

२९ **ठेक्का अभिलेख**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार निर्माण ठेक्का कार्यमा अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म०ले०प०फा०नं०५०७ अनुसारको अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखमा गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतका विषयहरु अद्यावधिक गर्नुपर्नेमा कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ ।

३० **न्यूनतम दररेट**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ ।तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन ।कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

३१ **उपभोक्ता समितिको कार्यमा वीमा**

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११२ को ३(क) मा नियम ९७(क) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट वीस लाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा वीमा वापतको खर्च ब्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम(१) बमोजिम वीमा गराउनुपर्ने तथा वीमा गराउने कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गरीदिनुपर्ने व्यवस्था छ । परीक्षण गर्दा रु.२० लाख भन्दा बढी भएको कुनै पनि योजनामा वीमा गराएको छैन ।नियमावलीमा व्यवस्था भए बमोजिम उपभोक्ता समितिद्वारा गरिने निर्माण कार्यमा वीमा गराउने कार्यको लागि कार्यालयले आवश्यक सहजीकरण गरी अनिवार्य रुपमा वीमा गराउनु पर्दछ ।

३२ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत् गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरिएको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत् वा निर्माण व्यवसायी मार्फत् हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन।तर कार्यालयले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन। PCC को M 15भन्दा बढीको कार्यमा अनिवार्यरुपमा ल्याब टेस्ट गर्नुपर्नेमा सो नगरेको कारण गुणस्तरको यकिन गर्न सक्ने आधार देखिँदैन तसर्थ निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

३३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ अनुसार तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्नानुसारको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्योट हुनुपर्ने रु

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ११,२५,००० |

३४ **सिमा भन्दा बढी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शिर्षकमा गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायको कार्यक्रममा छुट्याएको रकमको सिमा भन्दा बढी खर्च गरी खर्च लेखांकन गर्दा विनियोजित सम्बन्धित शिर्षक र नपुग रकम अन्य शिर्षकवाट लेखेको पाइएकोले उक्त खर्च रकम नियमसम्मत नदेखिएको रु.

| भौ.नं र मिति | कार्यक्रम | विनियोजित बजेट | खर्च रकम | बढी खर्च रकम |
|---|---|---|---|---|
| २०३-२०८१।९।८<br>५०५-२०८१।१०।२९ | वडा स्तरिय खेलकुद वडा नं ६ | १००००० | १३८५४० | ३८५४० |
| ९४४-२०८२।२।९ | वडा स्तरिय खेलकुद वडा नं ७ | १००००० | १७४५०० | ७४५०० |
| ५५०-२०८१।११।११ | वडा स्तरिय खेलकुद वडा नं ८ | १००००० | १९७००० | ९७००० |
| १३७१-२०८२।३।२५ | पालिका स्तरीय खेलकुद | ५००००० | ८५०००० | ३५०००० |
| जम्मा | | | | ५६००४० |

| अनियमित भएको | ५,६०,०४० |
|---|---|

## ३५ मूल्य अभिवृद्धि कर

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । भौ.नं १३३४-२०८२।३।२३ भु-उपयोग क्षेत्र नक्सा तथा कित्तागत विवरण अध्यावधिक कार्यक्रमको लागि पालिका र एल.एम.कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन, ललितपुर वीच रु.३०००००।– मा सम्झौता भई कार्यसम्पन्न पश्चात फर्मलाई रु.२६१०००।– भुक्तानी हुँदा नियमानुसार कट्टी गर्नुपर्ने मू.अ.कर रकमको ३० प्रतिशतले हुने रु.१०१७९। सम्बन्धीत राजस्व शीर्षकमा जम्मा नगरी फर्मलाई नै भुक्तानी दिएकोले उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | १०,१७९ |
|---|---|

## ३६ असम्वन्धित खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, मितव्ययीतता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख गरेको छ। भौ.नं ८६४-२०८२।१।९ वाट पालिकाले २०८२।१।१३ देखि १५ सम्म हुने एक राजनितिक दलको अधिवेशनको लागि रु.५००००।– आर्थिक सहयोग गरेको पाइयो । आन्तरिक आय न्यून भइ वित्तीय हस्तान्तरणको रकममा भर पर्ने अवस्थामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। तसर्थ कार्यालयले यस प्रकार खर्चमा नियन्त्रण गरी मितव्ययितता र आर्थिक अनुशासनको पालना गर्नुपर्दछ।

## ३७ प्रधानाध्यापक भत्ता

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ मा स्थानीय तहको शिक्षकहरुको तलब भत्ता तथा सेवा सुविधा विवरणमा विद्यालयका प्र.अ.हरुलाई मासिक रुपमा प्र.अ. भत्ताको व्यवस्था गरेको छ । पालिकाले यस वर्ष अन्तरिक आय न्यून भएको अवस्थामा समेत पालिका अन्तर्गतका ५२ विद्यालयका प्रधानाध्यापकलाई थप प्र.अ.भत्ता वापत रु.१००८००।– खर्च लेखेको छ । संघीय सरकारको कार्यक्रममा रहेको सुविधालाई समानान्तर हुने गरी कार्यक्रममा राखी भुक्तानी दिएको उक्त रकम नियमसम्मत नदेखिएको रु

| अनियमित भएको | १,००,८०० |
|---|---|

## ३८ वडा पदाधिकारी इन्धन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, मितव्ययीतता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले बार्षिक वजेट तयार गर्दा वडागत रुपमा वजेट निर्धारण गरी उक्त वडालाई छुट्याएको वजेटमा पदाधिकारी इन्धनमा प्रति वडा रु.६० हजारका दरले विनियोजन गरेको पाइयो । सुदुरपश्चिम सरकारवाट जारी भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को अनुसुची १(क) को क्रम संख्या ४ मा वडा अध्यक्षलाई दुइ पांग्रे सवारी साधनको लागी इन्धन अधिकतम मासिक २० लिटरका दरले दिन सकिने व्यवस्था गरेकोमा पालिकावाट एकमुष्ठ रुपमा बजेट छुट्याई सोही बमोजिम पुरै वजेट खर्च लेख्नु उचित देखिएन । तसर्थ नियमानुसार वास्तविक खर्चको आधारमा भुक्तानी गर्नेतर्फ सुधार गर्नुपर्दछ।

## ३९ अन्य कर्मचारीलाई भत्ता

नेपालको संविधान २०७२ को धारा २२२ को उपधारा ४ मा प्रत्येक वडामा एक जना वडा अध्यक्ष र चार जना सदस्य रहेको वडा समिति रहने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार वडा समितिको कार्यसंचालनको क्रममा विभिन्न मितिमा बैठक बसी सोको नियमानुसारको भत्ता भुक्तानी दिएकोमा सुदूरपश्चिम सरकारवाट जारी भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ मा समेत उक्त बैठक भत्ता तोकिएको सदस्य भन्दा बढी संख्या हुने गरी दिन मिल्ने नदेखिएकोले देहाय अनुसार रु.१०१३२०।- बढी संख्यामा भत्ता भुक्तानी गरेको पाइएकोले उक्त भत्ता रकम असुल हुनुपर्ने रु

| क्र.सं | वडा नं | पद | नाम | जम्मा बैठक संख्या | दर | जम्मा रकम | पारिश्रमिक कर कट्टि | खुद भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | अ.सव इन्जिनियर | याम बहादुर शाही | ११ | ८०० | ८८०० | १३२० | ७४८० |
| २ | ३ | स.क.अ. | बालकृष्ण वि.सी. | १४ | ८०० | ११२०० | १६८० | ९५२० |
| ४ | ३ | ना.प.स्वा प्रा | महेन्द्र वि.सी. | १४ | ८०० | ११२०० | १६८० | ९५२० |
| ५ | ४ | स.क.अ. | सुरेन्द्र बहादुर बुढा | १५ | ८०० | १२००० | १८०० | १०२०० |
| ६ | ४ | ना.प्रा.स. | कृष्ण बहादुर वयक | १५ | ८०० | १२००० | १८०० | १०२०० |
| ७ | ६ | स.क.अ. | मनिषा शाही | १७ | ८०० | १३६०० | २०४० | ११५६० |
| ८ | ७ | स.क.अ. | दिपेन्द्र बहादुर नेपाली | १५ | ८०० | १२००० | १८०० | १०२०० |
| ९ | ८ | ना.प.स्वा प्रा | खकेन्द्र बहादुर विष्ट | १२ | ८०० | ९६०० | १४४० | ८१६० |
| जम्मा | | | | | | | | ७६८४० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **६,१२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१** को निर्णयले रू **५,४४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१** को निर्णयले रू **६,१२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७६,८४० |

## ४० औषधी खरिद सम्बन्धमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ को (१ क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य वस्तु उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। कार्यालयले निम्नलिखित आपूर्तक फर्मबाट रु.२९२७१५०।- मूल्यका औषधि तथा औषधिजन्य वस्तु खरिद गरेकोमा निम्न व्यहोरा देखिएका छनः

| भौ.नं./मिति | खरिद विधि | आपूर्तक फर्मको नाम | भुक्तानी रु. |
|---|---|---|---|
| १११६-२०८२।३।९ गापा चालु | वोलपत्र | सरोवर मेडिसिन डिष्ट्रिव्युटर्स | १००५१५० |
| ९३-२०८१।१०।१५ संघीय चालु | | | ९२४००० |
| १३६७-२०८२।३।२५ गापा चालु | कोटेसन | सुविसु मेडिसिन सप्लायर्स | ३२२००० |
| ३३७-२०८२।३।२५ संघीय चालु | | | ६७६००० |
| | | जम्मा | २९२७१५० |

· आपूर्ति भएका औषधिका उत्पादकले डब्लु.एच.ओ.बाट असल उत्पादन अभ्यास (Good Mfg. Practice) को प्रमाण-पत्र प्राप्त गरेको हुनुपर्नेमा सो सम्बन्धी अभिलेख तथा प्रमाण पेश नभएको,

· औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण संलग्न नभएको ।

· खरिद भएका औषधिको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको ।

· आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेसिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको ।

· जिन्सी किताबमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र स्वास्थ्य कार्यालयबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

· औषधिको मौज्दात घटाउँदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

अतः औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण गर्ने तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४१ **इन्धन खर्चको मापदण्ड**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ बुदां नं.१३ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ सरकारी काममा सवारी साधन प्रयोग गरिएकोमा इन्धन खर्चको रकम भुक्तानी गर्दा बिलका साथ खरिद आदेश र सवारी साधन प्रयोग गरिएको लगबुक म.ले.प.फा.नं.९०५ र PAMS मा समेत अभिलेख नराखी इन्धन कार्यालय प्रयोजन, एम्बुलेन्स सञ्चालन तथा पदाधिकारी इन्धन समेतको लागि रु.३४०७६३८।- खर्च गरेको छ । सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

४२ **घर भाडा**

सार्वजनिक खरिद नियमावली २०६४को परिच्छेद ९ मा सार्वजनिक निकायले घरजग्गा भाडामा लिने सम्वन्धमा व्यवस्था रहेको र सोहि व्यवस्था अनुसार सार्वजनिक निकायले वार्षिक ५ लाख भन्दा वढी रकमको घरजग्गा भाडामा लिँदा प्रमुख जिल्ला अधिकारीको

अध्यक्षतामा रहेको घरभाडा निर्धारण समितीको सिफारीसमा घरभाडा सम्झौता गरी भाडामा लिनुपर्ने व्यवस्था रहेको छ।कार्यालयले यस वर्ष विभिन्न ९ व्यक्तिसंग घरभाडा सम्झौता गरी वार्षिक रु.२००००००।- घरभाडा वापत खर्च गरेको छ। प्रशासकिय भवनको अभावमा घरभाडामा वार्षिक ठुलो रकम खर्च हुदै गएको रपालिकाले प्रशासकिय भवन निर्माण गर्न वोलपत्र मार्फत मिति २०८०।६।७ मा सम्पन्न गर्ने गरी निर्माण कार्य गराएकोमा लेखापरीक्षण अवधिसम्म उक्त भवन सम्पन्न भएको छैन । कार्यालय भवन समयमै सम्पन्न नभएको कारण सम्पन्न गर्नुपर्ने अवधि देखि हालसम्म करिब रु.४००००००।– घरभाडा बापत व्ययभार परेको देखिन्छ । सेवा प्रवाह प्रभावकारी हुन नसकेको, विषयगत शाखाहरुको समन्वयमा समेत समस्या हुने गरेकोले पालिकाले प्रशासकिय भवन निर्माण गरी सेवा प्रवाह प्रभावकारी वनाउनेतर्फ पहल गर्नुपर्ने देखिन्छ।

४३ **खेलकुद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट वजेट स्वीकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विनियोजित रकमवाट गाउँपालिका र जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितामा रु.१८९१२५२। र अध्यक्षकप खेलकुदमा रु.५०००००। गरी जम्मा रु.२३९१२५२।खर्च भएकोमा सामग्री खरिद, खाजा खाना आदि खर्चमा नियन्त्रण गर्न सकिनेमा उक्त काम गरेको देखिएन। कार्यक्रममा खरिद गरेको विभिन्न खेलकुद सामाग्रीहरु तथा कपडाहरुको जिन्सी दाखिला र कार्यक्रम पश्चात बाँकी सामानहरु कार्यालयमा दाखिला भएको देखिदैन भने वडास्तरमा समेत सोहि प्रकृतिका खेलकुद कार्यक्रमहरु सञ्चालन भएकोमा खेलकुद सामाग्रीको खरिदमा मितव्ययितता र पुन प्रयोगको लागि व्यवस्थापन गरेको छैन। पालिकाको आन्तरिक आय २५ लाख ७ हजार मात्र रहेकोमा एकै कार्यक्रममा करिव १५ लाख खर्च गरेकोमा खर्चको नर्म्स तथा मापदण्ड स्वीकृत नगरी खर्च गरेकोले यसप्रकार कार्यक्रमको नर्म्स तथा खर्चको मापदण्ड वनाई कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४४ **वैठक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१** को निर्णयले रू **११,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **११,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **१०,२००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **११,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४५ **प्राविधिक फिल्ड भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले फिल्डमा खटिइ कार्य गर्नुपर्ने प्राविधिक कर्मचारीहरुलाई अनुगमन तथा फिल्डमा खटिदाको दैनिक भ्रमण खर्चको सट्टामा पालिकाका ११ जना प्राविधिक कर्मचारीलाई मासिक तलबको २० प्रतिशतले रु.७२८८४६।- प्राविधिक फिल्ड भत्ता खर्च लेखेको छ । पालिकाले कानुन तथा कार्यविधि नबनाई उक्त फिल्ड भत्ता खर्च लेख्नु उचित देखिदैन । तसर्थ पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

४६ **सामाजिक सुरक्षा भत्ता वितरण खर्च**

नेपाल सरकारले सामाजिक सुरक्षा लाभग्राहीको बैंक खातामा निकासा दिने गरी कार्यविधि व्यवस्थित गरी पालिकाबाट सिफारिस भए अनुसार EFT गरी लाभग्राहीको बैंक खातामा नै निकासा दिने र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको वडास्तरवाट नविकरण गर्ने व्यवस्था रहेको छ। नमुना छनोटको आधारमा परीक्षण गर्दा पालिकाले EFT मार्फत लाभग्राहीको खातामै भुक्तानी दिएकोमा अति विकट वडाहरुमा पुनः सामाजिक सुरक्षा भत्ता वितरण गर्न वैकका कर्मचारी तथा पालिकाका कर्मचारी समेत वडामा उपस्थित भई वितरण गर्न र सामाजिक सुरक्षा भत्ता नविकरणको लागि आन्तरिक श्रोतवाट देहायवमोजिम खर्च लेखेको छ। वैकवाट धेरै टाढा रहेका वडाहरुमा लाभग्राहीको सुविधाको लागि वैकका कर्मचारी लगेर भत्ता वितरण गरेको पालिकाले जनाएको छ। यस प्रकार खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

| भौ नं | विवरण | रकम |
|---|---|---|
| १२०-२०८१।८।१० | विभिन्न वडाहरुमा सामाजिक सुरक्षा घुम्ति शिविर सञ्चालनको खाना खाजा तथा गाडिभाडा खर्च | १००००० |
| ३०६-२०८१।९।८ | | १३०१४० |
| १३२१-२०८२।३।२३ | | ९४८५० |

४७ **नापि तथा कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले विल वा विजकको भुक्तानी गर्दा नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। वडा नं २ को नयाँ कार्यालय भवन निर्माणको काममा विद्युतिय

कार्यको लागत अनुमानमा छुट भएको कारण निर्माण सम्पन्न पश्चात उक्त कार्यको लागि नयाँ योजनामा राखी सोही अनुसार कार्य गराउनु पर्नेमा वडा कार्यालयले चालुतर्फको विविध शीर्षकवाट विद्युतिय सामान खरिद गरी रु.२२८३००। खर्च गरेकोले खरिद भएको विद्युतिय सामान उक्त भवनमा प्रयोग भएको देखिने नापि किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२८,३०० |

४८ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार पदाधिकारीले सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्न विल भरपाई संलग्न गर्नुपर्ने तथा उक्त खर्चको रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। भौचर नं ६५६-२०८१।११।२३ राष्ट्रपति रनिङ्ग सिल्डको पालिका स्तरिय खेलकुद प्रतियोगिताका लागि छनौट भएका चारवटा क्लष्टरमा प्रत्येकमा ४५ खेलाडी र १ खेलकुद शिक्षक गरी जम्मा ४६ जना मात्र प्रतियोगितामा सहभागी हुन पाउने र प्रति व्यक्ति रु.४५०। दरले विद्यालयलाई भुक्तानी दिने गरी शिक्षा समितिवाट निर्णय भएकोमा निर्णय भन्दा बढी हुने गरी देहाय बमोजिमका विद्यालयमा बढी निकासा भएको रकम असुल हुनुपर्ने रु.

| सि.नं | कलष्टर विद्यालयको नाम | विद्यार्थी र शिक्षक गरी सहभागी संख्या | हुनुपर्ने सहभागी संख्या | बढी संख्या | दिन | प्रति व्यक्ति रकम | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | श्री सुर्य मावि, भुलु | ५० | ४६ | ४ | ४ | ४५० | ७२०० |
| २ | श्री भैरव मावी, लकान्द्र | ५० | ४६ | ४ | ४ | ४५० | ७२०० |
| ३ | श्री कालिकेश्वरी मावि, नाडा | ५० | ४६ | ४ | ४ | ४५० | ७२०० |
| ४ | श्री तोषी मावि, तोषी | ५० | ४६ | ४ | ४ | ४५० | ७२०० |
| जम्मा | | | | | | | २८८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,८०० |

४९ **विल भरपाई**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९(५) मा सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले देहायवमोजिम खर्चको भुक्तानी गर्दा खर्च पुष्टी गर्ने विल भरपाई संलग्न नरहेकोले खर्च पुष्ट्याई विल भरपाई पेश गर्नुपर्ने रु.

| भौ नं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ११५।२०८१।८।९ | इ हाजिरी डिभाइस ५ थान | १८०८०० | विद्यालयलाई बुझाएको र जडान भएको प्रमाण पेश हुनुपर्ने |
| २२९।२०८१।८।२५ | २०४५ मी HDEP(16PN) पाइप खरिद | ९८५८२ | वितरण भरपाई पेश नभएको |
| ४१७।२०८१।१०।६ | ५५ वटा विद्युतको पोलको खाडल खन्ने र पुर्ने | १८९८५० | विद्युतको पोल विद्युत प्राधिकरणवाट उपलब्ध गराइएको भएतापनि सोको प्रमाण पेश नभएको |
| ५६३।२०८१।११।१२ | ६० थान काली-कर्णाली लोक साहित्य तथा संस्कृति पुस्तक | १७९४०० | विद्यालयलाई वितरण भएको भरपाई पेश नभएको |
| | जम्मा | ६४८६३२ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४८,६३२ |

५० **कृषि तथा पशुमा अनुदान**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्वन्धि कार्यविधि,२०८१ अनुसार सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनु पर्ने, जग्गाको स्वामीत्व हेरी अनुदान वितरण र अनुगमन गर्नु पर्नेमा पालिकावाट केही कार्यक्रममा मात्र अनुगमन भएकोले सम्पूर्ण कार्यक्रमको अनुगमन गरी प्रतिवेदन पेश गर्ने तर्फ सुधार गर्नु पर्दछ।यस वर्ष संचालित प्रमुख कार्यक्रम देहाय अनुसार छन्

| भौचर नं र मिति | विवरण | अनुदान रकम |
|---|---|---|
| ४६३।०८१।१०।१४ | ८५ प्रतिशत अनुदानमा प्लाष्टिक घरको लागी प्लाष्टिक र थोपा सिचाई सेट वितरण कार्यक्रम | १९९७२० |
| ४१।०८२।३।२४ | ७५ प्रतिशतको अनुदानमा एक पालिका एक नमुना नगदे वाली पर्वद्धन सिचाई कार्यक्रम | ५८१७३० |
| ४८।०८२।३।२४ | ५० प्रतिशतको अनुदानमा एक पालिका एक नमुना नगदे वाली पर्वद्धन सिचाई कार्यक्रम | ५७३३५९ |
| २७५।०८२।३।१८ | ५० प्रतिशतको अनुदानमा नमुना सुन्तला वगैंचा कार्यक्रम संचालन | ३९८१७६ |
| २३३।०८२।३।५ | १०० प्रतिशत रैथाने वाली प्रवर्द्धन कार्यक्रम | ५३२८१० |

५१ **किसान सूचीकरण**

किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ अनुसार किसान पहिचान, सूचीकरण, वर्गीकरण तथा परीचय पत्र जारी गर्ने सम्बन्धी कार्य मन्त्रालयको वेभमा आधारीत रही स्थानीय तहमा कार्यान्वयन हुने व्यवस्था बमोजिम पालिकामा आर्थिक वर्ष २०७८।७९, २०७९।८० र २०८०।८१ मा किसान सूचीकरण गर्ने कार्य भएकोमा आर्थिक वर्ष ०८१।८२ मा समेत किसान सूचीकरणकै कार्य भइरहेकोले निर्देशिकाको परिच्छेद-३ बमोजिम वर्गीकरण र परीचय पत्र जारी कार्यलाई सम्पन्न गर्ने तर्फ पालिकाले पहल गर्नुपर्दछ।

५२ **त्रिपाल खरिद**

गोश्वरा भौचर नं. १६।०८१।७।५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाको प्रकोप व्यवस्थापन कोषबाट दुर्गा प्लाष्टीक सप्लायर्सबाट मिति २०८१।४।३ मा १५*१८ को ३० थान त्रिपाल प्रति थान रु. १८००।०० का दरले ५४,०००। र १२*१८ को २० थान त्रिपाल प्रति थान रू. १५६०।00 का दरले रु. ३१,२००।00 समेत रू. ८५२००।०० को त्रिपाल खरिद गरेकोमा लेखापरीक्षण अवधि सम्म १५*१८ को ११ थान त्रिपाल मात्र प्रकोप पीडितलाई वितरण गरी ३९ थान त्रिपाल मौज्दात रहेकोले मागमा आधारित भएर मात्र खरिद गर्नुपर्ने र मौज्दात त्रिपाल वितरण गरी प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६५,४०० |

५३ **सीप विकास तथा प्रविधि कार्यक्रम**

गो. भौ. नं. ८।०८२।३।२५ स्थानीय तहमार्फत लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को दफा ३३ र ३४ मा कार्यक्रम तथा तालिम सञ्चालन र दफा ३५ मा दफा ३४ बमोजिमका प्रशिक्षार्थीलाई उद्योगको स्थापना सञ्चालन वा विस्तार गर्न स्थानीय तहले प्रविधि खरिद गरी हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले अल्लो वजार प्रा.लि. काठमाडौंद्धारा कपडा बुन्ने तान लगायत १७ प्रकारका ३०३ वटा प्रविधि रू. ८८४५५०।०० (भ्याट बाहेक) मा खरिद गरेकोमा लेखापरीक्षण अवधि सम्म मौज्दात रहेकोले कार्यविधि बमोजिम प्रशिक्षार्थीहरुलाई हस्तान्तरण गरेको प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,८४,५५० |

५४ **औषधि भण्डार परीक्षण**

प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ । त्यसै गरि सार्वजनिक लेखा समितिले म.ले.प. को ४७ औ प्रतिवेदनको निःशुल्क औषधि वितरण लोगोको व्यहोराका सम्बन्धमा सुझावलाई कडाई साथ लागु गर्ने

निर्णय समेत गरेको देखिन्छ। पालिकाले निशुल्क स्वास्थ्य कार्यक्रमका लागि खरिद गरेका अधिकांश औषधी हरुमा निशुल्क भन्ने लोगो लगाएको देखिएन। केही उदाहरणहरू निम्नानुसार छन्:

| क्र.सं. | औषधीको नाम | कैफियत |
|---|---|---|
| १ | Paracetamol 500 mg | 'निशुल्क' लोगो नलागेको |
| २ | Cetrizine 10 mg | 'निशुल्क' लोगो नलागेको |
| ३ | Amoxycillin 500 mg | 'निशुल्क' लोगो नलागेको |
| ४ | Zink sulphate 20 mg | 'निशुल्क' लोगो नलागेको |
| ५ | Hyoscine butylbromide | 'निशुल्क' लोगो नलागेको |

### ५५ **छात्रवृत्ति रकम बढी निकासा**

कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ को उपक्रियाकलाप नं ४.२ मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयका कक्षा १ देखि ५ सम्मका छात्रा तथा दलित छात्रलाई वार्षिक रू ४००।०० का दरले छात्रवृत्ति रकम अनुदान दिने व्यवस्था छ। पालिकाले देहायका विद्यालयहरुमा EMIS मा प्रविष्ट विद्यार्थी संख्या भन्दाबढी रकम निकासा गरेकोले उक्त रकम संघीय सञ्चितकोष दाखिला हुनुपर्ने रू.

| सि.नं. | वडा नं. | विद्यालयको नाम | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा रू. |
|---|---|---|---|---|---|
| १ | १ | Bandevi Basic School | ३०००० | ३५६०० | ५६०० |
| २ | १ | Janajyoti Basic School | २९२०० | ३२००० | २८०० |
| ३ | ६ | Menaka Ma V | ३०४०० | ६२४०० | ३२००० |
| ४ | ७ | Tripureswori Basic School | १३२०० | २३६०० | १०४०० |
| **जम्मा** | | | | | **५०८००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,८०० |

### ५६ **पाठ्यपुस्तक रकम बढी निकासा**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा सार्वजनिक विद्यालयका विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिँदा विद्यालयले माग गरेको विद्यार्थी संख्यासहित रकमलाई EMIS मा प्रविष्ट तथ्याङ्कसँग सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसग सत्यापन गराएको विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका विद्यालयहरुमा EMIS मा प्रविष्ट विद्यार्थी संख्या भन्दाबढी रकम निकासा गरेकोले उक्त रकम संघीय सञ्चितकोष दाखिला हुनुपर्ने रू.

| सि.नं. | वडा नं. | विद्यालयको नाम | निकासा हुनुपर्ने रकम | निकासा भएको रकम | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | ७ | Bageshwori basic school | १३५९६ | २१४३६ | ७८४० |
| २ | १ | Bhairab Basic School | ११४७८२ | १२२२८४ | ७५०२ |
| ३ | ३ | Bhairab Secondary School | १९३७७१ | २०११४१ | ७३७० |
| ४ | ८ | Jivan Kala Basic School | २३२२० | ३७६२८ | १४४०८ |
| ५ | ५ | Laxminiwash Basic School | ६०५८२ | ६८६२१ | ८०४० |
| ६ | १ | Ne Pra V | १३९२० | २१७९२ | ७८७२ |
| ७ | ६ | Nepal Rastriya Pra V | ३३३५७ | ६०१२७ | २६७७० |
| ८ | ३ | Siddhi Ganesh Basic School | ४१५८७ | ४६७३९ | ५१५२ |
| ९ | ७ | Tripureswori Basic School | १६८९७ | ४०७०६ | २३८०९ |
| | | | | | १०८७६३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०८,७६३ |

५७ **दिवा खाजा रकम बढी निकासा**

५७.१ कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागि सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मको सबै विद्यार्थीका लागि शैक्षिक व्यवस्थापन सूचना प्रणाली EMIS मा समावेश भइ सत्यापन भएका विद्यार्थीलाई दिवा खाजा खुवाउने व्यवस्था मिलाउने व्यवस्था रहेकोमा पालिकाले देहायका विद्यालयहरुमा EMIS मा प्रविष्ट विद्यार्थी संख्या भन्दाबढी रकम निकासा गरेकोले उक्त रकम संघीय सञ्चितकोष दाखिला हुनुपर्ने रू.

| सि.नं. | वडा नं. | विद्यालयको नाम | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | १ | Janajyoti Basic School | ३९६९०० | ४१३३२५ | १६४२५ |
| २ | ८ | Jivan Kala Basic School | १२९६०० | १८७५०० | ५७९०० |
| ३ | ४ | Kalikeshwori Ma Vi | ५९४००० | ६४५६३० | ५१६३० |
| ४ | १ | Malika Pra V | २०७९०० | २१३१८० | ५२८० |
| ५ | ७ | Naukhama Bbk | ७५६०० | ८५३५० | ९७५० |
| ६ | १ | Purushotam Ramchandra Ni Ma V | ५४००० | ५९४४५ | ५४४५ |
| **जम्मा** | | | | | **१४६४३०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४६,४३० |

५७.२ त्यसैगरी क्रियाकलाप नं. २.७.११.१ को उपक्रियाकलाप (ट) मा विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने व्यवस्था वमोजिम पालिकाले २०८१।१०।१० देखि २०८१।१०।२२ गतेसम्म पालिकाका विद्यालयहरुको सुपरीवेक्षण गरी पेश गरेको प्रतिवेदनमा दिवा खाजा वितरण गर्दा मेनुको पूर्ण पालना सबै विद्यालयमा नभएको, चाउचाउ बिस्कुट जस्ता जङ्क फुड वितरण गरेको, विद्यार्थीहरूलाई खाजाको मात्रा नपुगेको, पौष्टिक तत्वको सन्तुलन भन्दा पनि खाजा खुवाउने औपचारिकता पूरा गर्नमा जोड दिएको कुरा उल्लेख गरी प्रतिवेदन दिएको पाइयो। पालिकाले विद्यालयहरूमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम

सहजीकरण कार्यविधि, २०७६ (परिमार्जन सहित) को पालना भए नभएको निरीक्षण अनुगमन गरी विद्यार्थीहरूलाई ताजा र पोषिलो दिवा खाजा उपलब्ध गराउने वातावरण निर्माण गर्नुपर्दछ।

५८ **सिकाइ सामाग्री रकम बढी निकासा**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयबाट भरिएको EMIS प्रतिवेदनमा उल्लेखित विद्यार्थी संख्याका आधारमा स्थानीय तहले बजेट बाँडफाँड गरी विद्यालयलाई अनुदान दिने व्यवस्था छ। पालिकाले देहायका विद्यालयहरुमा EMIS मा प्रविष्ट विद्यार्थी संख्या भन्दाबढी रकम निकासा गरेकोले उक्त रकम संघीय सञ्चितकोष दाखिला हुनुपर्ने रू

| सि.नं. | वडा नं. | विद्यालयको नाम | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | ७ | Bageshwori basic school | १३८०० | १९५०० | ५७०० |
| २ | ३ | Baluthan Pra V | १६८५० | १८३५० | १५०० |
| ३ | ७ | Bandali Pra V | १२५०० | २०००० | ७५०० |
| ४ | १ | Bandevi Basic School | ३२२५० | ३५०५० | २८०० |
| ५ | १ | Bhairab Basic School | ४५३५० | ५०५०० | ५१५० |
| ६ | ३ | Bhairab Secondary School | ५९६५० | ६२६०० | २९५० |
| ७ | ३ | Bindhybasini Ma V | ६६३४२ | ७८८५० | १२५०८ |
| ८ | १ | Bindrasaini Secondary School | ९५९४० | १०९४०० | १३४६० |
| ९ | ७ | Himalaya Shankar Pra V | ११५०० | १८००० | ६५०० |
| १० | ८ | Jalpadevi Balbikash Kendra | १२५०० | १६५०० | ४००० |
| ११ | १ | Janajyoti Basic School | ४४६५० | ४७३५० | २७०० |
| १२ | ३ | Janasewa Bbk | १०००० | १८५०० | ८५०० |
| १३ | ३ | Janata Community Basic School | १५२५० | १६५५० | १३०० |
| १४ | ८ | Jivan Kala Basic School | ११६०० | २९३५० | १७७५० |
| १५ | ४ | Kalikeshwori Ma Vi | ११८२१९ | १४७०५० | २८८३१ |
| १६ | ३ | Lalihurash Balbikash Kendra | १०५०० | १७५०० | ७००० |
| १७ | ५ | Laxminiwash Basic School | २५६५० | २८१५० | २५०० |
| १८ | ३ | Mahamandir Ni Ma V | २३२५० | २६७५० | ३५०० |
| १९ | १ | Malika Pra V | २२४०० | २४२०० | १८०० |
| २० | ६ | Menaka Ma V | ६१७०० | ८४२०० | २२५०० |
| २१ | ७ | Naukhama Bbk | १४००० | २०००० | ६००० |
| २२ | ६ | Nawa Durga Bbk | १४००० | १९५०० | ५५०० |
| २३ | १ | Ne Pra V | १३००० | १५००० | २००० |
| २४ | ६ | Nepal Rastriya Pra V | १८१५० | २५५०० | ७३५० |
| २५ | १ | Purushotam Ramchandra Ni Ma V | ३००० | ११४०० | ८४०० |
| २६ | ६ | Saraswati Bbk | १५५०० | २०५०० | ५००० |
| २७ | ८ | Siddheshwori Secondary School | १०१७०९ | १२८८५० | २७१४१ |
| २८ | ३ | Siddhi Ganesh Basic School | २०६५० | २२५५० | १९०० |
| २९ | ८ | Tripurasundari Bal Bikas Kendra | ५९०० | १२५०० | ६६०० |
| ३० | ७ | Tripurasundari Bbk | ७५०० | १६५०० | ९००० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | ७ | Tripureswori Basic School | १४५०० | ३३२०० | १८७०० |
| **जम्मा** | | | | | **२५६०४०** |

| असुल गर्नुपर्ने | २,५६,०४० |
|---|---|

५९ **नि:शुल्क स्यानिटरी प्याड**

(३४१।२०८२।३।२५) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्म अध्ययनरत सबै छात्राका लागि नि:शुल्क सेनिटरी प्याड व्यवस्थाका लागि पालिकाले पालिका अन्तर्गतका विद्यालयहरू मार्फत तोकिएका कक्षाका छात्राहरूको संख्या यकिन गरी तोकिएको मापदण्डअनुसारको सेनिटरी प्याड उपलब्ध गराउने व्यवस्था छ। यस वर्ष पालिकाले कोटेशनमार्फत दिदि बहिनी जैबिक प्याड उद्योग स्थानीयस्तरमा उत्पादित पुन:प्रयोग गर्न मिल्ने सेनिटरी प्याड प्रति पिस रू. १२५।०० का दरले ७०५२ थान रू. ९,९६,०९५।००(भ्याट सहित) मा खरिद गरेकोमा उक्त सेनिटरी प्याडको गुणस्तर सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम भए नभएको सुनिश्चित गर्न सकिएन। साथै लेखापरीक्षणको क्रममा विद्यालयमा छात्राहरूलाई सेनिटरी प्याड वितरण गरेको भर्पाइ पेश नभएकोले सेनिटरी प्याड वितरण भर्पाइ पेश हुनुपर्दछ।

६० **सम्झौताभन्दा बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले १० शैया अस्पताल भवन निर्माणका लागि स्वीकृत लागत अनुमान तथा निर्माण व्यवसायी धुलिखेल निर्माण सेवा प्रा.लि., काठमाडौंसँग भएको सम्झौता (बि.ओ.क्यु.) को सि.नं. १३ मा सम्झौता अनुसार ९९७२९.५४ के.जी. मात्र छडको भुक्तानी हुनुपर्नेमा सातौं रनिङ बिलसम्मको कार्यमा १११९८०.५८ के.जि. भुक्तानी भएकोले भेरियसन स्वीकृति बेगर सम्झौता भन्दा ११४५१.०४ के.जी. वढी भुक्तानी भएको छडको प्रति के.जी. रु.१०० का दरले मु.अ.कर समेत रू. १२९३९६७। बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रू.

| असुल गर्नुपर्ने | १२,९३,९६७ |
|---|---|

६१ **नपुग कर**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी गरी दफा ९० बमोजिम राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। च्युराखाँद तल्लो बल्दे स्तर उन्नती तथा सडक निर्माण उपभोक्ता समितिले खर्च दाबी गरेको निर्माण व्यवसायीको बिल रू.३६,१३,७६६।00 भुक्तानीमा रू.५४२०६।00 अग्रिम कर कट्टी गर्नुपर्नेमा रू.४४४०३।00 मात्र कट्टी गरेकोले नपुग रू. ९८०३। असुल हुनुपर्ने रू.

| असुल गर्नुपर्ने | ९,८०३ |
|---|---|

६२ **म्याद थपनभएको**

ठेक्का नं. २।२०८१।८२ रहफ भुल सडक निर्माण कार्यको लागि रू. ११६९४००१।00 को लागत अनुमान स्वीकृत भएकोमा घटी कबोल गर्ने कृष्ण निर्माण सेवा प्रा.लि.को कवोल अङ्क रू. ७८३१९४४।०० (३३ प्रतिशत घटी ) मिति २०८२।३।२० मा सम्पन्न गर्ने गरी २०८१।१०।१९ मा खरिद सम्झौता भएकोमा प्रथम रनिङ बिल रू. २३१७५०५।०० भुक्तानी पश्चात २०८२।३।२३ मा म्याद थप माग गरेकोमा गाउँकार्यपालिकाको निर्णयले म्याद थप नगर्ने २०८२।३।२३ मा निर्णय भएको देखिन्छ। पालिकावाट म्याद थप नगर्ने निर्णय गरेतापनि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ अनुसार खरिद सम्झौता अन्त्य गर्नुपर्ने र नियमावली १४१ बमोजिम निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न लेखि पठाउने व्यवस्था भए अनुसार उक्त निर्माण व्यवसायीसँग भएको खरिद सम्झौता अन्त्य गरी निज निर्माण व्यवसायीलाई कालो सूचिमा राख्न लेखि पठाउने साथै निज निर्माण व्यवसायीले राखेको बैक जमानत, धरौटी रकम जफत गरी बाँकी रहेको निर्माण कार्य गर्न लाग्ने रकम समेत कार्यालयवाट यकिन गरी असुल हुनुपर्ने देखिन्छ।

६३ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले तितौडा शिवगुफा पर्यटन क्षेत्र पूर्वाधार निर्माणको लागि रू. २२५००००।०० बजेट व्यवस्था भएकोमा रू. २१८२५००।०० भुक्तानी दिने गरी उपभोक्ता समितिसँग रू.२८५२२९७।०० को सम्झौता भएकोमा रू.२८५११४४।०० को कार्यसम्पन्न भइ रू. २१८१२२७।०० भुक्तानी दिनुपर्नेमा रू.२२४८७२७।०० भुक्तानी दिएकोले बढी भुक्तानी रू. ६७५००।०० असुल हुनुपर्ने रू.

| असुल गर्नुपर्ने | ६७,५०० |
|---|---|

६४ **भुक्तानीमा कर कट्टी**

आयकर ऐन, २०५८ को दफा ८९(३क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको रु.५० लाख भन्दा बढीको भुक्तानी रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले वण्डाली देवता तथा वासुधारा पर्यटकिय तिर्थस्थल निमाल उपभोक्ता समितिलाई भुक्तानी दिएको रु ६८८४२२०। रकममा १.५ प्रतिशतका दरले रु १०३२६३।कर कट्टी गर्नु पर्नेमा रु ७९१५४।मात्र कट्टी गरेकोले नपुग रु २४१०९। असुल गरी राजस्वमा दाखिला हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २४,१०९ |
|---|---|

६५ **सीमा भन्दा बढीको काम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१) मा एक करोड रुपैँयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समूदाय मात्र रहेको उपभोक्ता समितिवाट गराउन वा प्राप्त गर्न सकिने र (१ क) मा एक करोड रुपैँयासम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख भएकोमा समिति मार्फत गराएको काममा ओभरहेडको रकम समावेश नगरी लागत अनुमान तयार गरेकोले ओभरहेडको रकम समावेश गर्दा रू. १ करोडभन्दा बढीको लागत अनुमान हुने देहायका आयोजनाहरु समितिवाट गराइ नियमावली विपरित खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु

| योजनाको नाम | वजेट | लागत अनुमान | भएको काम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| वण्डाली देवता तथा वासुधारा पर्यटकिय तिर्थस्थल निमाल (पर्यटन पूर्वाधार विकास आयोजनावाट) | १००००००० | ९९९६९८१ | ८६०२६७८ | ६८८४२२० | ८०००००००।लाख वजेटको लागत अनुमान तयार गरेको |
| जंगलघाट कर्णाली नदिमा फेरी निर्माण | ८०००००० | ९९९८८६२ | ६८६३१४१ | ४८९२२३९ | प्रदेशको ६० लाख र पालिकाको २० लाख समेत ८० लाख वजेटको लागत अनुमान तयार गरेको |

| अनियमित भएको | १,१७,७६,४५९ |
|---|---|

६६ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र नियमावलीको नियम ८५ को उपनियम १ को १(ख)मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रू. १० लाख भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने उल्लेख भएकोमा यो वर्ष पालिकाले निम्नानुसारको निर्माण कार्य टुक्रापारी प्रतिस्पर्धा नगराई विभिन्न निर्माण सेवासँग सोझै खरिद गरी रू.६२६९७३९।00 खर्च गरेको छ। ऐन र नियमावलीमा भएको व्यवस्था बिपरित सोझै खरिद कार्य गरेको नियमसम्मत नदेखिएको रू.

| गो.भौ.नं./मिति | फर्मको नाम | खरिदको प्रकार | रकम(मू. अ कर समेत) |
|---|---|---|---|
| १३।२०८१।८।१२ | विर कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ सोलुसन प्रा.लि. | ४ नं. वडा अन्तर्गत ग्रामीण सडक | ९७४४३० |
| २।२०८२।३।१२ सडक वोर्ड | विर कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ सोलुसन प्रा.लि. | खम्म वाङ्गी सडक | ९५६६३८ |
| ८३।२०८१।१०।१५ | न्यू नविन निर्माण सेवा (२० लाख बजेटबाट) | सुर्य मा.वि.भुल तादि सडक निर्माण | ९९३८७७ |
| ८४।२०८१।१०।१५ | जय वासाकोटा कन्स्ट्रक्सन प्रा.लि.( २० लाख वजेटवाट ) | सुर्य मा.वि.भुल तादि सडक निर्माण | ९९८९५२ |
| ९०।२०८१।१०।२७ | न्यू नविन निर्माण सेवा | जंगलघाट तुर्माखाँद सडक विस्तार | ९९७५८१ |
| २७०।२०८२।३।२५ | बण्डाली कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. | ३ नं. वडा अन्तर्गत सडक मर्मत | ३९१६०३ |
| ४।२०८२।३।२३ सडक वोर्ड | बण्डाली कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. | गोदे दुवौरा जंगलघाट सडक मर्मत | ९५६६५८ |
| जम्मा | | | ६२६९७३९ |

| | |
|---|---|
| अनियमित भएको | ६२,६९,७३९ |

## ६७ जटिल संरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशीन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले जटिल प्राविधिक पक्ष समेत समावेश हुने जंगलघाट कर्णाली नदीमा फेरी निर्माणको कार्य व्यावसायीक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउनुपर्नेमा उपभोक्ता समिति मार्फत गराइ रू.४८,९२,२३९।00 खर्च लेखेको पाइयो। नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ।

## ६८ घरभाडा आम्दानी

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन, २०८१ वमोजिम कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज, वर्कसप, गोदाम भाडामा लगाएमा १० प्रतिशत कर लगाउने व्यवस्था रहेकोमा यस वर्ष सम्म पालिका भित्र के कति घरधनी दर्ता भएका छन् एकीकृत लगत विवरण नराखेकोले आर्थिक स्रोत भएको घरबहाल करमा पालिकाले घरभाडा कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन। बहाल कर वापत पालिकाले रू. २ लाख ८१ हजार असुल गरेको देखिएकोमा घरबहाल करलाई थप सशक्त बनाउन करको दायरामा ल्याई राजस्व विस्तार गर्नुपर्दछ।

## ६९ नक्सापास

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन, २०८१ बमोजिम पालिका क्षेत्र भित्र नक्सापास दस्तुर लगाईने उल्लेख भएकोमा हालसम्म के कति घरधनीहरुले नक्सापास गरेका छन् र बाँकी कति दायरामा आएका छन् स्पष्ट रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन। पालिकाले घर नक्सापास मापदण्ड बनाई कार्यान्वयनमा जोड दिनुपर्दछ।

## ७० व्यवसायकर

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन, २०८१ बमोजिम पालिका क्षेत्र भित्र व्यवसाय कर लगाइने उल्लेख भएकोमा पालिकाको कार्य क्षेत्रभित्र कुल ६० व्यवसाय दर्ता भइ व्यवसाय कर मार्फत यस वर्ष रू. २ लाख ४५ हजार राजश्व असुली भएको छ। न्युन राजश्व सङ्कलन हुनुको कारण पहिचान गरी राजश्वको दायरा बढोत्तरी गर्नेतर्फ पालिकाले जोड दिन आवश्यक छ।

## ७१ प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशका, २०७५ अनुसार स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहले विभिन्न वडाहरुमा बाटो निर्माण लगायतका १८ निर्माण तथा मर्मतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८६ जनालाई औषत १०० दिनका दरले रोजगारी उपलब्ध गराई कुल ज्याला

रु. ५७ लाख ४८ हजार खर्च गरेकोमा उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना गर्नतर्फ पालिकाले जोड दिनुपर्दछ।

७२ **कर सङ्कलन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ५,९२,००० | १,९०,००० | ३२.०९ |
| भूमिकर मालपोत | २,३६,००० | २,३५,५७० | ९९.८ |
| बहाल कर | ३,००,००० | २,८१,२३८ | ९३.७ |
| सिफारिस दस्तुर | १०,००,००० | ९,९९,९७८ | ९९.९९ |
| घटना दर्ता | २,५०,००० | १,९६,३५० | ७८.५ |
| व्यवसायकर | २,४६,२०० | २,४५,७९० | ९९.८ |
| अन्य | १३,३९,८०० | ३,६०,१७६ | २६.८ |
| **जम्मा** | **३९,६४,०००** | **२५,०९,१०२** | **६३.३** |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ६३.३ प्रतिशत आन्तरिक आय सङ्कलन गरेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा थप बढाउनेतर्फ ध्यान दिनुपर्दछ।

७३ **एम्बुलेन्सको आम्दानी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ विभिन्न कर उठाउने व्यवस्था रहेको छ। धमाली स्वास्थ्य चौकी र तुर्माखाँद स्वास्थ्य चौकीमा रहेका २ वटा एम्वुलेन्स सञ्चालन गरेकोमा रसिद प्रयोग नगरी लकबुकबाट उठेको राजस्व स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा नगरेकोले सम्बन्धित स्वास्थ्य चौकीबाट असुल गरी दाखिला गर्नुपर्ने रू.

| स्वास्थ्य चौकीको नाम | महिना | लकवुक अनुसारको रकम | दाखिला | ईन्धनमा भएको खर्च | वाँकी रकम |
|---|---|---|---|---|---|
| धमाली स्वास्थ्य चौकी | आर्थिक वर्ष भरिको दाखिला नभएको | १४०१८० | ० | ० | १४०१८० |
| तुर्माखाँद स्वास्थ्य चौकीमा | माघसम्मको दाखिला नभएको | ३४३६५० | ८३७९० | ८७३३३ | १७२५२७ |
| **जम्मा** | | | | | **३१२७०७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१२,७०७ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : तुर्माखाद गाउँपालिका, अछाम , तुर्माखाद गाउँपालिका , अछाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भरत खनाल | २०८१-४-१३ | २०८१-०७-१४ |
| कार्यालय प्रमुख | चक्र देव भट्ट | २०८१-०७-१५ | २०८२-०१-१० |
| कार्यालय प्रमुख | धर्म राज खत्री | २०८२-०१-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रताप बहादुर शाही | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,५४१,३३९ | २३,५८१,०७३ | १,८३९,०७१.७८ | ० | ० | १,१२५,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २९,०८६,४८३.७८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १६५,५८० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २८,९२०,९०३.७८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४९३५८९७.० | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४७९४१५६८ | चालु खर्च | ३५५८०५७५६ |
| प्रदेश सरकारबाट अनुदान | ४१५३७४०७ | पूँजीगत खर्च | १०२३६९७४० |
| राजश्व बाँडफाँट | १०१५०२९३१ | वित्तीय/अन्य व्यवस्था | १९७७०९७०६ |
| आन्तरिक आय | २५०७०९२.० | | |
| अन्य आय | १६४२८४५२० | | |
| कुल आय | ६५७७७३५१८.० | कुल खर्च | ६५५८८५२०२ |
| बाँकी मौज्दात | | ६८२४२१३.० | |

## अनुसूची - २

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ प्रदेश : सुदुर पश्चिम प्रदेश जिल्ला : अछाम स्थानीय तह : तुर्माखाद गाउँपालिका, अछाम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन | | | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १०,२१,१४,६१५.८७ | ० | १०,२१,१४,६१५.८७ | ९,१७,१३,६५९.४० | ० | ९,१७,१३,६५९.४० |
| १३००० | अनुदान | | ३५,३७,६४,५९८.८२ | ० | ३५,३७,६४,५९८.८२ | ३३,०७,५६,२०६.८७ | ० | ३३,०७,५६,२०६.८७ |
| १४००० | अन्य राजस्व | | १८,९७,२३७.९४ | ० | १८,९७,२३७.९४ | १०,७२,१७४.९० | ० | १०,७२,१७४.९० |
| १५००० | विविध प्राप्ति | | ० | ० | ० | १,९७०.०० | ० | १,९७०.०० |
| ३३३४३ | विज्ञापन कर | | १८०. | ० | १८०. | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ४५,७७,७६,६३२.६३ | | ४५,७७,७६,६३२.६३ | ४२,३५,४४,०११.१७ | | ४२,३५,४४,०११.१७ |
| ३ | चालु | | ३५,५८,०५,७५६.१५ | ० | ३५,५८,०५,७५६.१५ | ३३,५४,४२,८८२.८६ | ० | ३३,५४,४२,८८२.८६ |
| २१००० | पारिश्रमिक / सुविधा | | २३,२५,१३,६७७.२८ | ० | २३,२५,१३,६७७.२८ | २२,५३,६५,०१३.६१ | ० | २२,५३,६५,०१३.६१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ११,३४,५४,७४९.८७ | ० | ११,३४,५४,७४९.८७ | ९,९६,३७,०६१.२५ | ० | ९,९६,३७,०६१.२५ |
| २५००० | सहायता (Subsidy) | | १,००,०००.०० | ० | १,००,०००.०० | ० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | | ६२,३९,६१०.०० | ० | ६२,३९,६१०.०० | ६९,०७,८१३.०० | ० | ६९,०७,८१३.०० |
| २८००० | अन्य खर्च | | ३४,९७,७१९.०० | ० | ३४,९७,७१९.०० | ३५,३२,९९५.०० | ० | ३५,३२,९९५.०० |
| ४ | पूंजीगत | | १०,२३,६९,७४०.०० | ० | १०,२३,६९,७४०.०० | ८,९४,०७,९४३.०० | ० | ८,९४,०७,९४३.०० |
| ३१११० | भवन तथा संरचना | | ३,६६,९५,९९२.०० | ० | ३,६६,९५,९९२.०० | २,३२,६३,३०४.०० | ० | २,३२,६३,३०४.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, | | २०,६२,२३५.०० | ० | २०,६२,२३५.०० | ९२,१५,७१०.०० | ० | ९२,१५,७१०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | फर्निचर्स तथा फिक्चर्स | | | | | | | |
| ३११५० | सार्वजनिक निर्माण | | ६,०८,८८,८३७.०० | ० | ६,०८,८८,८३७.०० | ५,६८,८०,८९१.०० | ० | ५,६८,८०,८९१.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | २,००,०००.०० | ० | २,००,०००.०० | ४८,०३८.०० | ० | ४८,०३८.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १७,४५,०००.०० | ० | १७,४५,०००.०० | ० | ० | ० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | | ७,७७,६७६.०० | ० | ७,७७,६७६.०० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ४५,८१,७५,४९६.१५ | | ४५,८१,७५,४९६.१५ | ४२,४८,५०,८२५.८६ | | ४२,४८,५०,८२५.८६ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (३,९८,८६३.५२) | | (३,९८,८६३.५२) | (१३,०६,८१४.६९) | | (१३,०६,८१४.६९) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | (६०,२५,९८१.२०) | | (६०,२५,९८१.२०) | ६,९३,८२३.०१ | | ६,९३,८२३.०१ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | ९४,५६१.०० | | ९४,५६१.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (६४,२४,८४४.७२) | | (६४,२४,८४४.७२) | (६,१२,९९१.६८) | | (६,१२,९९१.६८) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १,२७,३६,२९२.४९ | | १,२७,३६,२९२.४९ | ५४,७२,०७६.४२ | | ५४,७२,०७६.४२ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको | | ६३,११,४४७.७७ | | ६३,११,४४७.७७ | ४८,५९,०८४.७४ | | ४८,५९,०८४.७४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | | | | | | | |

## बेरूजु दफा ३३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | चालु आ. व. | |
|---|---|---|---|---|---|---|
| | | | | | म्याद ननाघेको | म्याद नाघेको |
| | **कर्मचारी** | | | | | |
| १ | २०८१/०९/१४ | ३६५ | विविध कार्यक्रम खर्च | तपेन्द्र प्रसाद जैसी | ० | १६००००. |
| २ | २०८१/०९/१४ | ३६६ | विविध कार्यक्रम खर्च | तपेन्द्र प्रसाद जैसी | ० | ४००००. |
| ३ | २०८१/११/११ | ९८ | २ नं वडा कार्यालयको लागि जग्गा खरिद | रबिन्द्र कुमार यादव | ० | ८००००. |
| ४ | २०८१/१२/२१ | ११८ | सवारी साधन | तेज बहादुर माझी | ० | ३८००००. |
| ५ | २०८२/०३/२४ | १३५८ | अर्धबार्षिक समिक्षा कार्यक्रम | जनक बहादुर थापा | ० | २००००. |
| ६ | २०८२/०३/२४ | १३५८ | सार्बजनिक सुनुवाई कार्यक्रम | जनक बहादुर थापा | ० | ४००००. |
| ७ | २०८२/०३/२५ | २७९ | स्यालेकरा बर्थिङ्ग सेन्टरको लागि जग्गा खरिद | पदम प्रसाद जैशी | ० | ८००००. |
| ८ | २०८२/०३/२५ | २७९ | २ नं वडा कार्यालयको लागि जग्गा खरिद | रबिन्द्र कुमार यादव | ० | ५००००. |
| ९ | २०८२/०३/२५ | १३६९ | सार्वजनिक सुनुवाई कार्यक्रम | रबिन्द्र कुमार यादव | ० | ४००००. |
| **जम्मा** | | | | | ० | ८९००००. |
| | **ठेकेदार** | | | | | |
| १ | २०८१/०४/०१ | २ | सडक संरचना मर्मत कार्यक्रम | श्री तितौडा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ० | १७५०००. |
| | **संस्थागत** | | | | | |
| १ | २०८१/०९/०७ | २८५ | विविध कार्यक्रम खर्च | कल्प इम्पावर वेमेन नेपाल | ० | ६००००. |
| | **उपभोक्ता समिति** | | | | | |
| १ | ०३/१७/२०८२ | 15 | भकाने मुल खानेपानी मर्मत योजना | भक्कानेमुल खानेपानी तथा सरसफाइ योजना उ.स. | २५७८५००. | ० |
| २ | ०३/१७/२०८२ | 15 | भकाने मुल खानेपानी मर्मत योजना | भक्कानेमुल खानेपानी तथा सरसफाइ योजना उ.स. | १४१७२९. | ० |
| ३ | ०३/१७/२०८२ | 16 | बड्डीगाड देउतला पल्चौर गैलड खानेपानी योजना | बड्डिगाड देउथला पल्चौर गैलड खानेपानि तथा सरसफाइ उ स | १८८८७०३. | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ०३/१७/२०८२ | 17 | रावल्दे खानेपानी योजना | रावल्दे खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | १४१५९०२. | ० |
| ५ | ०३/१७/२०८२ | 18 | घियाबाडा बुडिना खानेपानी मर्मत योजना | घियाबाडा बुडिना खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | ७०५३४१. | ० |
| ६ | ०३/१७/२०८२ | 19 | सेलाबगर दह सिचाइ योजना | सेलाबगर दह सिचाइ योजना उ स | ९२९८७७. | ० |
| ७ | ०३/१७/२०८२ | 20 | रुडाखोला कुस्खेत सिचाइ योजना निर्माण | रुडाखोला कुसखेत सिचाइ योजना उ स | २१६१००. | ० |
| ८ | ०३/१७/२०८२ | 21 | कुकुडोला ठुलाखेत सिचाइ योजना | कुकुडेखोला ठुला खेत सिचाइ योजना उ स | ३४३२६५. | ० |
| ९ | ०३/१७/२०८२ | 22 | पल्लंगा बायो इन्जिनियरिङ्ग कार्य | पलाङ्गा बायो इन्जिनियरिङ्ग योजना उ स | ६४९३८२. | ० |
| १० | ०३/१७/२०८२ | 23 | काडाचौर वायो इन्जिनियरिङ्ग कार्य | काडाचौर वायो इन्जिनियरिङ्ग योजना उ.स. | ५८५२०१. | ० |
| जम्मा | | | | | ९४५४०००. | ० |
| कुल जम्मा | | | | | ९४५४०००. | ११२५०००. |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।